# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ८** **सङ्ख्या : ८** **मिति : २०८१ माघ २९**

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१ माघ २१**

**प्रमाणीकरण मिति : २०८१ माघ २९**


## भाग-२

## सुन्दरहरैँचा नगरपालिकाको करार तथा अस्थायी सेवाका कर्मचारीलाई विशेष सुविधा सहित अवकाश दिने सम्बन्धी मापदण्ड, २०८१

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको २/१३३ औं कार्यपालिका बैठकले यो मापदण्ड स्वीकृत गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगरपालिकाको करार तथा अस्थायी सेवाका कर्मचारीलाई विशेष सुविधा सहित अवकाश दिने सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावनाः** सुन्दरहरैँचा नगरपालिकामा साविक सुन्दरदुलारी नगरपालिका, कोशीहरैँचा नगरपालिका, जिल्ला विकास समिति वा सो अन्तर्गत वा अन्य स्थानीय निकायमा नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु हुनु पूर्वदेखि हालसम्म अविछिन्न कार्यरत रहेका कर्मचारीहरूलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा भएको व्यवस्था बमोजिम अवकाश वा सेवाबाट अलग हुँदा विशेष सुविधा सहित अवकाश दिन वाञ्छनीय भएकोले,

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको नगर कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "करार तथा अस्थायी सेवाका कर्मचारीलाई विशेष सुविधा सहित अवकाश दिने सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "ऐन" भन्नाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० लाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले सुन्दरहरैँचा नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "नगर कार्यपालिका" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "कर्मचारी" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु हुनु पूर्वदेखि हालसम्म यस नगरपालिकामा अविछिन्न कार्यरत रहेका करार तथा अस्थायी सेवाका कर्मचारीलाई सम्झनु पर्दछ।

(च) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको लोक सेवा आयोग विराटनगरलाई सम्झनु पर्दछ।

(छ) "सुविधा" भन्नाले नगद रकमलाई सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. विवरण तयार गर्नुपर्नेः** (१) कार्यालयले कर्मचारीको नाम, वतन, सम्झौता/नियुक्ति मिति, सेवा अवधि र सेवाको प्रकृति समेत उल्लेख गरी प्रत्येक कर्मचारीको विवरण तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा रहेका कर्मचारीमध्येबाट सीमित प्रतिस्पर्धात्मक परीक्षाका लागि प्रदेश लोक सेवा आयोगलाई सिफारिस गरिने कर्मचारी र सिफारिस नहुने तथा स्व-इच्छाले सीमित

प्रतिस्पर्धात्मक परीक्षामा सहभागी नहुने भनी राजीखुशी भएका कर्मचारीको विवरण अलग अलग रूपमा तयार गर्नुपर्नेछ।

**परिच्छेद-३**

**कर्मचारी सिफारिस, सुविधा र अनिवार्य अवकाश सम्बन्धी व्यवस्था**

४. **<u>प्रदेश लोक सेवा आयोगलाई सिफारिस गर्ने</u>:** (१) यस मापदण्डको दफा ३ को उपदफा (२) बमोजिम सिफारिस गरिने तर्फको अभिलेखमा रहेका कर्मचारीलाई ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) र प्रदेश लोक सेवा आयोगको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा १ बमोजिम सीमित प्रतिस्पर्धात्मक परीक्षाका लागि कार्यालयले सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई प्रदेश लोक सेवा आयोगले लिएको प्रतिस्पर्धात्मक परीक्षामा भाग लिएका कर्मचारीलाई कुनै पनि किसिमको सुविधा दिइने छैन।

(३) उपदफा (१) बमोजिम सिफारिस भई प्रदेश लोक सेवा आयोगले लिएको प्रतिस्पर्धात्मक परीक्षामा अनुत्तीर्ण हुने कर्मचारी ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम स्वत अवकाश हुनेछ।

(४) उपदफा (१) बमोजिम सिफारिस भएका कर्मचारीलाई प्रदेश लोक सेवा आयोगले जुनसुकै कारण जनाई प्रतिस्पर्धात्मक परीक्षाका लागि अयोग्य ठहराएको खण्डमा त्यस्ता कर्मचारीलाई कुनै पनि किसिमको सुविधा दिइने छैन।

**परिच्छेद-४**

**सीमित प्रतिस्पर्धात्मक परीक्षामा भाग नलिएका कर्मचारीलाई विशेष व्यवस्था**

५. **<u>परीक्षामा भाग नलिएका कर्मचारीलाई विशेष व्यवस्था</u>:** (१) स्व-इच्छाले परीक्षामा सहभागी नहुने भनी राजीखुशी भएका र दफा ३ को उपदफा (२) बमोजिमको सूचीमा रहेका कर्मचारीलाई कार्यरत सेवा अवधिका आधारमा नगरपालिकाले विशेष सुविधा सहित अवकाश दिनेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरूलाई कार्यरत सेवा अवधिका आधारमा देहाय बमोजिमको सुविधा दिइनेछः

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको आधा महिनाको तलब।

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको एक महिनाको तलब।

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको डेढ महिनाको तलब।

(३) उपदफा (२) बमोजिम दिइने सुविधा प्रयोजनका लागि कर्मचारीको कार्यरत सेवा अवधि गणना न्यूनतम सेवा अवधि पूरा गरी सुविधा हिसाब गर्दा एक वर्षभन्दा बढी सेवा अवधि पूरा गरी थप सेवा अवधि ६ महिना नपुगेमा ६ महिनाको र ६ महिनाभन्दा बढी भएमा एक वर्ष पूरा गरेको मानी सुविधा दिइने छ।

(४) कर्मचारीले २०८१ चैत मसान्तभित्र सेवाबाट स्व-इच्छाले राजीखुशी राजीनामा दिएको खण्डमा त्यस्ता कर्मचारीलाई दफा ५ को उपदफा (२) बमोजिम पाउने सुविधाको थप ५० प्रतिशत सुविधा दिइने छ।

**परिच्छेद-५**

**विविध**

६. **जानकारी दिनुपर्नेः** (१) यस मापदण्डको दफा ५ बमोजिम सुविधा प्राप्त गरी सेवाबाट अलग हुने कर्मचारीको अभिलेख तयार गरी प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ।

७. **यस मापदण्डको कार्यान्वयनः** प्रदेश लोक सेवा आयोगले परीक्षा सञ्चालन गरेको मिति नै कर्मचारीको अवकाश मिति कायम हुने गरी यो मापदण्डको कार्यान्वयन प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

**आज्ञाले,**
**विनोद कुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र